# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**दरभाउ पेश गर्ने बारे सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०७९/११/१७**

प्रस्तुत विषयमा वीरेन्द्रनगर नगरपालिका भित्र संचालन हुने तपसिल बमोजिमको योजना के कति दरमा गर्न सकिने हो कार्यालयले जारी गरेको सर्तको अधिनमा रही कार्यालयले प्रमाणित गरेको BOQ भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

तपसिलः

| सि.नं | सूचना नं | कामको विवरण | लागत अनुमान रकम (मू.अ कर र पी.एस बाहेक) | फिर्ता नहुने दस्तुर | दरभाउ पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | DP/BM/Works/01 | टेकुमार्ग देखि इत्राम खोला जोड्ने सडक स्तर उन्नति(वार्ड नं ७) | ५०५३८६.१७ | १००० | २०७९/११/२६ समय दिनको २:०० बजे भित्र |
| २ | DP/BM/Works/02 | वडा कार्यालय भवन निर्माण (वार्ड नं १६) | ८४९५५७.६० | १००० | २०७९/११/२६ समय दिनको २:०० बजे भित्र |

**सर्तहरुः**

१. कार्यालयको राजस्व खाता नं ४०८-०१००३०१०१०००४ मा रु १००० बराबरको राजस्व जम्मा गर्नुपर्ने छ ।

२. निर्माण कम्पनीले दरभाउ पेश गर्दा अनलाइन मार्फत पेश गर्नु पर्ने छ । दरभाउ पेश गर्ने इमेल: dpbnnp079@gmail.com.

३. BOQ भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाइ मान्यता दिइनेछ । कार्यालयले प्रमाणित गरेको BOQ कार्यालयको वेबसाइटमा (birendranagarmun.gov.np) उपलब्ध हुनेछ ।

४. दरभाउ पेश गर्दा निर्माण कम्पनीले तपसिल बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

तपसिलः

- नवीकरण गरेको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
- आ.व २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वीरेन्द्रनगर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

- नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपी
- दरभाउ पेश गरेको भन्ने विषयको पत्र
- शोघोषणा पत्र
- राजस्व तिरेको भौचर (**भौचरमा राजस्व जम्मा गर्ने फर्म को नाम र सूचना नं अनिवार्य उल्लेख गर्नु पर्ने)** र
- निर्माण कम्पनीले भरेको BOQ

सही छाप गरी कतै केरमेट नगरी कार्यालयमा मिति २०७९/११/२६ गते दिनको २:०० बजे भित्र निर्माण कम्पनीको आधिकारिक email मार्फत माथि उल्लेखित सम्पूर्ण कागजात स्क्यान गरेर compress गरी पेश गर्नुपर्ने छ। कार्यालयले तोकेको समयमा रितपूर्वक दर्ता हुन नआएका निर्माण कम्पनीले पेश गरेको दरभाउ उपर कुनै कार्वाही नहुने जानकारी गरिन्छ। साथै एक पटक पेश गरिसकेको दरभाउ Modify गरी पुनः पेश गर्न पाइने छैन। कुनै फर्मले दरभाउ Modify गरि पुनः पेश गरेको खण्डमा उक्त फर्मको दरभाउ उपर कुनै कारबाही गरिने छैन।

५. न्यूनतम ३ वटा फर्महरु सारभूत रुपमा प्रभावग्राही भएको खण्डमा मात्र न्यूनतम कबोल गर्ने फर्मलाई न्यूनतम मुल्यांकित सारभूतरुपमा प्राभावग्राही फर्म मानिनेछ। यदि प्रथम पटक प्रकाशित सुचना बमोजिम कुनै पनि फर्म न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही नभएको खण्डमा दोश्रो पटक प्रकाशित सूचना अनुसार एउटा मात्र फर्म सारभूतरुपमा प्रभावग्राही हुन गएमा सोहि फर्मको दरभाउ स्वीकृत गरिनेछ।

६. तोकिएको म्यादभित्र काम नसकिएको खण्डमा दिनको ०.०५ प्रतिशत वा अधिकतम सम्झौता रकमको १०% ले हुन आउने रकम जरीवाना लगाइने छ।

७. विल भुक्तानी गर्दा अन्तिम मुल्यांकन रकमको ५% ले हुन आउने रकम सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम Retention Money कट्टा तथा फुकुवा गरिनेछ।

८. पेश भएको दरभाउ स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार हुनेछ।

धिरेन्द्र प्रसाद शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner